जि.प्र.का.दर्ता. न. ७७/०७४/०७५

सत्य तथ्य निश्पक्ष समाचारको संवाहक

जि.हु.का.दर्ता. न. ७७/०७९/०८०

# मिलन

MILAN NATIONAL DAILY राष्ट्रिय दैनिक

२०७४

पाठकहरुमा अनुरोध : मिलन राष्ट्रिय दैनिक पत्रीका तपाईलाई कस्तो लाग्यो ? कुनै किसिमको प्रतिक्रिया ,लेख ,रचना , निबन्ध,कविता,सुचना लगायतका सामग्री भए,हामिलाई निम्न ठेगानामा पठाउनु होला। तपाईको सल्लाह सुझावको अपेक्षा ।सम्पर्क : milandaily569@gmail.com मोबाइल :9845250167

वर्ष : ५ | अंक : ९० | वि.सं. २०८० मंसीर ६ गते बुधबार | Nov, 22, 2023 , Wednesday | पृष्ठ संख्या : 8 | मूल्य ५ रुपैयाँ

## लोक आस्थाको महापर्वमा उदांउदो सुर्यलाई अर्घ दिई छठ पुजा सम्पन्न




मिलन , न्युज डेस्क
कलैया मंसिर ५ ।

लोक आस्थाको महापर्व छठ पुजा सोमवार उदाउँदो सुर्यलाई अर्ख दिई सम्पन्न भएको छ । हिन्दुहरुको महान पर्वको रुपमा रहेको छठ पुजा मधेस प्रदेशको जिल्ला संगै हिमाल ,पहाड लगायत जिल्लामा समेत यसको रौनक र महिमा बढ्दै गएका छन ।

बाराको कलैया , महागढीमाई ,आदर्श कोतवाल ,सिम्रौनगढ , देवताल , कोल्हवी , निजगढ ,जितपुर सिमरा ,प्रसौनी लगायत सबै स्थानीय तहमा रहेको छठी घाट दुलही झैं सिंगारिएको थियो। यसैगरी बाराको महागढीमाई १ स्थित रहेको विश्व प्रसिद्ध गढीमाई मन्दिरमा सजाईएको छठी घाट र एतिहासिक सिम्रौनगढ स्थित कंकाली मन्दिर स्थित सजाईएको छठी घाट तथा वीर गञ्ज स्थित घडिअर्वा पोखरीमा छठ पर्वको रौनक यसबर्ष फरक किसिमले सजाईएक थियो । महापर्वमा स्थानीय निर्वाचित जनप्रतिनिधि र पुर्व जनप्रतिनिधि द्वारा छठी घांटको निरीक्षण गरिएको थियो ।

चार दिनसम्म विभिन्न विधि गर्दै मनाइने यस पर्वको चौथो दिन आज बिहान तराइ/मधेसको पर्सा, बारा, रौतहट लगायत कोसी प्रदेशको सुनसरी, मोरङ लगायत देशभरिका जलाशयमा उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गर्दै छठ सम्पन्न भएको हो । सत्य अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्नु यस पर्वको विशेषता रहेको छ। सूर्य उपासना परम्परा को मोहक पद्धति मानिएको संसार मा यही एक यस्तो पर्व हो जसमा अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरिन्छ ।पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकाङ्क्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने छठ पर्वका अवसरमा पोखरी, नदी, तलाउ र जलाशयमा श्रद्धालु भक्तजनको भिड लाग्छ ।

## मेला लगाउने बिषयमा दुई पक्षबिच झडप ,स्थिति नियन्त्रणमा लिन प्रहरी द्वारा ८ राउन्ड हवाई फायर



मिलन , न्युज डेस्क
कलैया मंसिर ५ ।

बाराको पचरौता नगर पालिका ७ बेनौली स्थित झण्डा मेला लगाउने विषयमा सोमबार राती दुई पक्ष बिच झडप भएको छ । दुई समुहको झडपमा परि स्थानीय दुई जना लक्ष्मी पटेल र चणडिका पटेल घाईते भएको छ ,स्थिति नियन्त्रणमा लिन प्रहरी द्वारा ८ राउन्ड हवाई फायर भएको बाराको प्रहरी प्रवक्ता दधिराम न्यौपानेले जानकारी दिनु भयो ।

पचरौता नगरपालिका ७ स्थित र हेको श्री नेपाल राष्ट्रिय माध्यमिक विधालयको पश्चिम तिर र नगरपालिका स्थित रहेको भिखना पोखरीमा झण्डा मेला लगाउने

बाँकी तेस्रो पृष्ठमा

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
कलैया , बारा

### प्रस्तावमा अव्हान सम्बन्धि सुचना

(प्रथमपटक प्रकाशित मितिः २०८०।०८।०५)

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र , बाराको आ.व.२०८०।०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिलका कार्यक्रमहरु संचालनका लागी सम्वन्धित कार्यक्रमको मापडण्ड तथा संचालन विधिले तोके वमोजिमका शर्तहरुको 'अधिनमा रही ५० प्रतिशत लागत साझेदारीमा कार्यक्रम संचालन गर्न ईक्छुक योग्य आवेदकहरुले देहाय वमोजिमका कागजातहरु सहित यो सुचना प्रकाशित भएको मितिले १५ औ दिन (मिति २०८०।०८।१९) सम्म कार्यालय समय भित्र शिलबन्दी आवेदन दर्ता गर्नु/गराउनु हुन यो सुचना प्रकाशन गरिएको छ । रित नपुगेका वा म्याद नाधी प्राप्त हुन आएका आवेदन छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सुचनाद्धारा जानकारी गराईन्छ। आवेदन पत्रको ढाँचा यस कार्यालयको फेसवुक पेजः- भेटेरिनरी अस्पताल कलैया बारा वा यस कार्यालयवाट समेत प्राप्त गर्न सकिनेछ। यस सम्वन्धमा थप जानकारीका लागि कार्यालयको फोन् नं.०५३-५५०१७३ , अधिकृतस्तर छैठो लाइभस्टक अनिल प्रसाद गुप्ता मो.नं.९८५५०४९८१२ मा सम्पर्क गर्न सकिनेछ।

देहायः

| क.स. | कार्यक्रमको नाम | ईकाई | संख्या | प्रति कार्यक्रम अधिकत्तम अनुदान रकम रु. (पचास प्रतिशत साझेदारीमा) | साझेदारी अनुदानग्रही |
|---|---|---|---|---|---|
| १. | दुध उत्पादन प्रवर्द्धन कार्यक्रम | संख्या | १० | २ लाख | व्यावसायीक गाई/भैसी पालन फार्म |
| २. | मासु उत्पादन प्रवर्द्धन कार्यक्रम | संख्या | ०७ | १ लाख | व्यावसायिक बाख्रा पालन फार्म |
| | | | ०२ | १ लाख | व्यावसायिक पाडा पालन फार्म |
| | | | ०५ | १ लाख | व्यावसायिक बंगुर पालन फार्म |
| | | | ०६ | १ लाख | व्यावसायिक कुखुरा/हाँस/बट्टाई/टर्की/ लोकल कुखुरा पालन फार्म |

आवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरुः

१) रु.१० को हुलाक टिकट टाँसेको फाराम नं. २ अनुसारको प्रस्ताव/आवेदन,
२) आवेदकको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि
३) व्यवसायिक फार्म दर्ता प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि, कर चुक्ता प्रमाण-प्रत्रको प्रतिलिपि,
४) किसान परिचय पत्रको प्रतिलिपि,तालिम,शैक्षिक,योग्याताका प्रमाण-पत्रका प्रतिलिपिहरु
५) फा.नं. ३ अनुसारको संक्षिप्त कार्ययोजना,
६) जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपूर्जाको समेत करार पत्र (नोटरी पब्लिकबाट प्रमाणित) वा जग्गाधनीको सक्कल मन्जुरीनामा (कम्तिमा ५ वर्ष अवधिको)
७) लागत प्रतिवद्धता (स्वघोषना) र अन्य आवश्यक कागजातहरु,

बाल विवाह ,दाईजो प्रथा ,महिला हिंसा जस्ता सामाजिक कुरीति बिरुद्ध लडौ ।

कलैया उपमाहानगरपालिका
कलैया,बारा

CamScanner